नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४११२१०
१०२,११५,११६
Ext:
फ्याक्स : ०१-४४१५५९३

पत्र संख्या -
च.नं.
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

मिति: २०७५।०२।०६ गते।

## प्रेस विज्ञप्ति

### मानव वेचविखन तथा ओसारपसार मुद्दाको फरार प्रतिवादी पक्राउ ।

नेपाली नागरिक प्रिती तामाङलाई जिल्ला सिन्धुपाल्चोक, गुन्सा-०४, स्थायी वतन भएको वर्ष ३२ को मिना लामा र निजको श्रीमान श्याम कुमार लामा मिली कुवेतमा काम लगाईदिने प्रलोभनमा पारी अवैध रुपमा भारत तथा UAE को बाटो हुँदै कुवेत पुऱ्याएको भनि मिति २०७४।०५।२७ गते महानगरीय प्रहरी परिसर काठमाण्डौमा मानव वेचविखन तथा ओसारपसार अन्तर्गतको मुद्दा दर्ता भएको।

उक्त मुद्दामा फरार प्रतिवादी मिना लामालाई पक्राउ सम्बन्धमा INTERPOL NEPAL को अनुरोधमा INTERPOL महासचिवालय लियोन, फ्रान्सबाट सन् 2018, March 29 मा निज मिना लामा विरुद्ध RED NOTICE जारी भएको। यस सम्बन्धमा INTERPOL KUWAIT सँग निरन्तर समन्वय भईरहेकोमा आज मिति २०७५।०२।०६ गते विहान ०९.०० बजे निज मिना लामा Wataniya Airlines को Flight No. Q-9541 द्वारा नेपाल Deport भएपश्चात INTERPOL NEPAL बाट खटिएको प्रहरी टोलीले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काठमाण्डौबाट पक्राउ गरि आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी अपराध महाशाखामा पठाईएको व्यहोरा जानकारीको लागि सम्प्रेषण गरिएको छ।

प्रहरी नायव महानिरीक्षक
(मनोज नेउपाने)
केन्द्रीय प्रहरी प्रवक्ता